# सिद्धलेक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बुङचुङ, धादिङ
बागमती प्रदेश, नेपाल


**सामाजिक सद्भाव तथा धार्मिक सहिष्णुता कायम राख्ने सम्बन्धी सार्वजनिक सूचना।**

नेपाल सरकार, गृह मन्त्रालय र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत प्राप्त निर्देशन अनुसार वर्तमान सन्दर्भमा समाजमा शान्ति, सद्भाव र धार्मिक सहिष्णुता तथा सामाजिक एकता कायम राख्नु अत्यन्त आवश्यक देखिएको छ। यस सन्दर्भमा यस सिद्धलेक गाउँपालिका भित्रका सबै नागरिक, सामाजिक संघ संस्था, धार्मिक अगुवा तथा सरोकारवालाहरूलाई आपसी समझदारी, सहकार्य, धार्मिक सहिष्णुता र संयम अपनाउन अनुरोध गरिन्छ। कुनै पनि किसिमका भ्रामक सूचना, अफवाह, उत्तेजक अभिव्यक्ति, धार्मिक सम्प्रदायिक विवाद वा गतिविधिले सामाजिक सद्भावमा असर पार्न सक्ने भएकाले यस्ता कार्यबाट टाढा रहन तथा यस्ता गतिविधि देखिएमा सम्बन्धित निकायमा तुरुन्त जानकारी गराउन अनुरोध गरिन्छ। सामाजिक शान्ति, सद्भाव र धार्मिक सहिष्णुता कायम राख्नु सबैको साझा दायित्व भएकाले यस कार्यमा सम्पूर्ण नागरिकहरूको सहयोगको अपेक्षा गरिएको छ।

**सिद्धलेक गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**